आज मिति २०८० कार्तिक २४ गते शुक्रबारका दिन बिहान १०:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :-**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १:- सामुदायिक छाडा पशु व्यवस्थापनका लागि गौशाला संरचना निर्माण कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको सामुदायिक छाडा पशु चौपाया सम्बन्धी समस्या समाधानका लागि सुदूरपश्चिम प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनगढी, कैलालीको स्थानीय तहको सहकार्यमा सामुदायिक छाडा पशु व्यवस्थापनका लागि गौशाला संरचना निर्माण कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी मिति २०८०/०७/२३ मा प्रकाशित सूचना अनुसार स्थानीय तहको सहकार्यमा सामुदायिक छाडा पशु व्यवस्थापनका लागि संरचना निर्माणका लागि स्वीकृत बार्षिक बजेट रु. २ करोडमा यस गाउँपालिकाको साझेदारी २५ प्रतिशत हुने गरी गौशाला संरचना निर्माण कार्यक्रमको प्रस्ताव पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २:- प्रशासकीय भवन निर्माण सम्बन्धमा।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ को दफा ५ बमोजिम प्रशासकीय भवन निर्माण आयोजनाको कूल लागतको चालीस प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने प्रतिबद्धता सहित सोही कार्यविधिको दफा ३ बमोजिम प्रशासकीय भवन निर्माण आयोजना मागको प्रस्ताव पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३:- ५ नं. वडाको सामुदायिक स्वास्थ्य सेवा केन्द्रको भवनको तला थप सम्बन्धमा।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.ब. २०८०/०८१ मा सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) तर्फ स्वास्थ्य चौकी भवन तथा पर्खाल निर्माण जानकी-५ का लागि रु. ६०,००,०००।– (अक्षेरुपी साठी लाख मात्र।) प्राप्त भएकोमा हाल आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेको भवन परिसरमा स्वास्थ्य चौकी भवन निर्माणको लागि जग्गाको उपलब्धता रहे तापनि उक्त जग्गामा भवन निर्माण गर्दा सेवाग्राहीहरुको लागि खुल्ला क्षेत्र कम पर्ने भएको र सामुदायिक भवनमाथि प्राविधिक शाखाबाट तला थप्न मिल्ने राय प्राप्त भएको हुँदा हाल आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेको भवनमाथि तला थप्ने र घेरा पर्खाल निर्माण गर्ने निर्णय गरियो।

२०८०/०८/२४

गणेश चौधरी
अध्यक्ष

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

५४

प्रस्ताव नं. ४:- स्वास्थ्य शाखाको माथि अधुरो भवन निर्माण सम्बन्धमा।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिकाको प्रशासकीय भवनका लागि कोठाहरु अपर्याप्त भई स्वास्थ्य शाखाको भवन माथि निर्माणाधीन अधुरो भवनको कार्यसम्पन्न गर्नको लागि तपसिल बमोजिमको आयोजना/कार्यक्रम आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुनेगरी संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो।

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| सा. क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजना हरुका लागि बाँकी रकम रु. | कैफियत |
| १. | नमुना कृषि अनुसन्धान तथा तालिम केन्द्रमा पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्यक्रम | १५,००,०००।- | १. | स्वास्थ्य शाखाको माथि अधुरो भवन निर्माण | जानकी-१ | १५,००,०००।- | बोलपत्र | ० | |

प्रस्ताव नं. ५:- स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०८० सम्बन्धमा।

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च बनाई गुणस्तरीय सेवा प्रवाह र विकास निर्माणमा प्रभावकारिता ल्याउन जानकी गाउँपालिकाको स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०८० को मस्यौदा माथि दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६:- मुक्त कमैया बाल संरक्षण आधारभुत बिद्यालयको समस्या समाधान गर्ने सम्बन्धमा।

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा जानकी गाउँपालिका वडा नं. ३ लायकपुर स्थित मुक्त कमैया बाल संरक्षण आधारभूत विद्यालयको बाल शिक्षक तथा विद्यालय कर्मचारी लगायत समग्र विद्यालय व्यवस्थापन सम्बन्धी विद्यमान समस्या समाधानका लागि मिति २०८०/०७/२१ गठित अध्ययन जाँचबुझ कार्यदलको प्रतिवेदनले दिएको तपसिल बमोजिमको सुझाव अनुसार विद्यालयको समस्या समाधान गर्ने निर्णय गरियो।

तपसिल :-

(क) उक्त विद्यालयमा कार्यरत वालविकास तथा विद्यालय सहयोगीको दरबन्दी तपसिल बमोजिम स्थानान्तरण गरी काम काज सरुवा गरी निज शिक्षक कर्मचारीको तलब भत्ता सम्बन्धित विद्यालयमा निकासा गर्ने,

| क्र.स. | नाम,थर | प्रकार | पद | कामकाज सरुवा गर्न सिफारिस गरिएको विद्यालयको नाम, ठेगाना |
|---|---|---|---|---|
| १. | नन्दा शाही | ससर्त अनुदान | वालविकास शिक्षक | भृकुटी मा.वि. जानकी-३, सुवर्णपुर |
| २. | रुपा तिरुवा | ससर्त अनुदान | वालविकास शिक्षक | गौरीशंकर आ.वि. जानकी-३,भगतपुर |
| ३. | विदेसेनी थारु | ससर्त अनुदान | सहयोगी | भृकुटी मा.वि. जानकी-३, सुवर्णपुर |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८०।०८।२८
गणेश चौधरी
अध्यक्ष

CamScanner

(ख) सो विद्यालयमा अनुदानमा कार्यरत निजी शिक्षकलाई तपसिल बमोजिमको विद्यालयमा कामकाजमा खटाउने,

| क्र.स. | नाम, थर | प्रकार | पद | कामकाज सरुवा गर्न सिफारिस गरिएको विद्यालयको नाम, ठेगाना |
|---|---|---|---|---|
| १. | सीता चौधरी | एक मुष्ट अनुदान | शिक्षक | हिरा प्रा.वि. जानकी-२,बढरिया |
| २. | दुर्गा रावल खड्का | एक मुष्ट अनुदान | शिक्षक | रुक्मणी आ.वि. जानकी-५, पथरैया |

(ग) उक्त विद्यालयमा एकमुष्ट अनुदानबाट विद्यालय संचालन गर्ने कार्यविधि २०७६ बमोजिम शिक्षक कर्मचारीको व्यवस्थापन गर्न विज्ञापन गर्ने ।

प्रस्ताव नं. ७:- निजि शिक्षक व्यवस्थापन अनुदान रकमको दर कायम गर्ने सम्बन्धमा ।

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा सामुदायिक विद्यालयमा कार्यरत वालविका विद्यालय कर्मचारी तथा निजि शिक्षकव्यवस्थापन अनुदान रकमको तपसिल बमोजिम दर कायम गर्ने निर्णय गरियो ।

तपसिल :-

| क्र.स. | प्रकार | प्रति महिना अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | विद्यालय सहायक | ३५००।- | |
| २ | विद्यालय सहयोगी | ७०००।- | |
| ३ | वालविकास शिक्षक | ६०००।- | |
| ४ | निजि शिक्षक मा .वि. | १३०००।- | |
| ५ | निजि शिक्षक मा.वि. | ११०००।- | |
| ६ | प्रा .वि. | ९०००।- | |

प्रस्ताव नं. ८:- अध्यापन अनुमतिपत्र नभएका शिक्षक सम्बन्धमा ।

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा कार्यरत अध्यापन अनुमति पत्र नभएका निजी स्रोत शिक्षकहरुलाई शैक्षिक सत्र २०८० सम्म एक पटकको लागि अध्यापन अनुमतिपत्र लिन अवसर प्रदान गर्ने र उक्त समावधिभित्र अध्यापन अनुमति पत्र प्राप्त गर्न नसकेका शिक्षकहरुलाई स्वत: शिक्षण सेवाबाट हटाउने निर्णय गरियो।

प्रस्ताव नं. ९:- सार्वजनिक सुनुवाईको मिति, समय र स्थान तोक्ने सम्बन्धमा ।

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकामा भए गरेका कामकारबाहीको जानकारी गराउन, सेवाग्राहीको गुनासो/समस्या सम्बोधन गर्न र गाउँपालिकाको आन्तरिक सुशासन प्रवर्द्धन गर्नका लागि तपसिल बमोजिम सार्वजनिक सुनुवाईको मिति, समय र स्थान तोकियो र सार्वजनिक सुनुवाई कार्यक्रम सहजीकरणको जिम्मेवारी सामुदायिक रेडियो टीकापुर एफ.एम.लाई दिने निर्णय गरियो ।

तपसिल :-

मिति :- २०८० साल मङ्सिर २५ गते ।

समय :- दिउँसो १:०० बजे ।

स्थान :- कृषि हाटबजार, दुर्गौली, कैलाली ।

आशिष चौधरी
... अधिकृत

२०८०।०६।२४
गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्ताव नं. १०:- लेखा समिति गठन सम्बन्धमा ।

निर्णय नं. १० :- प्रस्ताव नं. १० माथि छलफल गर्दा जानकी गाउँपालिकाको राजश्व, योजना/कार्यक्रम कार्यान्वयन गर्दा गरिने सार्वनजिक खरिद, गाउँपालिकाको सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी विषय र बेरुजू लगायतका कार्यक्षेत्र हेर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ र सुदूरपश्चिम प्रदेश सरकारको गाउँसभा र नगरसभा (कार्य सञ्चालन) ऐन, २०७५ को दफा ७० बमोजिम आगामी गाउँसभाबाट समर्थन र अनुमोदन हुने गरी तपसिल बमोजिमको लेखा समिति गठन गरियो ।

तपसिल :-

| क्र.सं. | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| १. | संयोजक | सुरेश चौधरी | गाउँसभा सदस्य |
| २. | सदस्य | पवित्रा विश्वकर्मा | गाउँसभा सदस्य |
| ३. | सदस्य | झपट बहादुर प्रेमी | गाउँसभा सदस्य |
| ४. | सदस्य | चित्रा कुमारी कठरिया | गाउँसभा सदस्य |
| ५. | सदस्य | मोहन कुमार डगौरा थारु | गाउँसभा सदस्य |

प्रस्ताव नं. ११ :- भुकम्प पिडितलाई राहत सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथि छलफल गर्दा २०८० साल कार्तिक १७ गते राती ११:४७ बजे जाजरकोट केन्द्रविन्दु बनाएर गएको ६.४ (छ दशमलव चार) म्याग्निच्यूडको भूकम्पबाट प्रभावित व्यक्ति/परिवारको सहयोगार्थ यस गाउँपालिकाका जनप्रतिनिधिहरुको सेवा सुविधा, गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारी र सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको तलबबाट तपसिल बमोजिमको रकम संकलन गरी राहत सहयोग गर्ने निर्णय गरियो ।

तपसिल:-

१. जनप्रतिनिधिहरुको ५ दिन बराबरको सेवा सुविधा रकम ।
२. अधिकृतस्तर कर्मचारी र मा.वि.तहको शिक्षकहरुको ५ दिन बराबरको तलब रकम ।
३. सहायकस्तर कर्मचारी, नि.मा.वि. तह र प्रा.वि. तह शिक्षकहरुको ३ दिन बरारको तलब रकम ।
४. श्रेणीविहीन कर्मचारी, बालविकास शिक्षक, विद्यालयको लेखापाल र निजीस्रोत शिक्षकहरुको २ दिन बराबरको तलब रकम ।

प्रस्ताव नं. १२ :- जानकी गाउँपालिका क्षेत्र अन्तर्गतका निकायहरुमा कपडा तथा प्लाष्टिक जन्य खादा, मालाको प्रयोग निषेध गर्ने सम्बन्धमा ।

निर्णय नं. १२ :- प्रस्ताव नं. १२ माथि छलफल गर्दा जानकी गाउँपालिका क्षेत्र भित्र सार्वजनिक कार्यक्रम र चाडपर्व, विवाह, ब्रतबन्ध आदि जस्ता सामाजिक कार्यक्रमहरुमा प्लाष्टिकजन्य, रबरजन्य, खादा, माला र फूल प्रयोगमा निषेध गर्ने र यसको सट्टा स्थानीय उत्पादन प्रवर्द्धन गर्न प्राकृतिक फूलमाला तथा दुग्धजन्य पदार्थ प्रयोग गर्ने/गराउने निर्णय निर्णय गरियो ।

२०८०।०८।२८
गणेश चौधरी
अध्यक्ष

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १३ :- ब्याडमिन्टन म्याट खरिद सम्बन्धमा ।

निर्णय नं. १३ :- प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गाउँपालिकाको खेलकुद विकासमा टेवा पुऱ्याउन यस जानकी गाउँपालिका वडा नं. १ दुर्गौली स्थित कभर्ड हलमा रहेको ब्याडमिन्टन कोर्ट व्यवस्थापनको लागि तपसिल बमोजिमको आयोजना/कार्यक्रम आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुनेगरी संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :-

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| सा. क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाका लागि बाँकी रकम रु. | कैफियत |
| ८५ | सवारी साधन तथा मेसिनरी औजार भाडा | २०,००,००० | १. | कभर्ड हलको ब्याडमिन्टन कोर्ट व्यवस्थापनका लागि ब्याडमिन्टन म्याट खरिद | जानकी-१ | ५,००,०००।- | सोझै खरिद | १५,००,०००।- | |

प्रस्ताव नं. १४ :- आ.व. २०८०/०८१ का लागि उद्यम विकास सहजकर्ता परिचालनका लागि अपुग बजेट रकम व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. १४ :- प्रस्ताव नं. १४ माथि छलफल गर्दा चालु आ.ब. २०८०/०८१ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनार्थ सेवा करारमा कार्यरत २ जना सहायक चौथोस्तरका उद्यम विकास सहजकर्ताहरुको २०८० मङ्सिर देखि २०८१ असार मसान्तसम्मको पारिश्रमिक, चाडपर्व खर्च र पोशाक भत्ता बापत तपसिल बमोजिमको रकम आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुनेगरी कार्यालय संचालन तथा प्रशासनिक खर्च अन्तर्गत खर्च शीर्षक नं. २११११ पारिश्रमिक कर्मचारी शीर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपसिल :-

| क्र.स. | शिर्षक | एकाई | दर | महिना | जम्मा | बजेट खर्च शीर्षक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक पारिश्रमिक | २ | ३२९०२।- | १२ | ७,८९,६४८।- | खर्च शीर्षक नं. २११११ पारिश्रमिक कर्मचारी | |
| २. | चाडपर्व खर्च | २ | ३२९०२।- | - | ६५,८०४।- | | |
| ३. | पोशाक भत्ता | २ | १००००।- | - | २०,०००।- | | |
| | | | | जम्मा | ८,७५,४५२।- | | |
| | उद्यम विकास सहजकर्ता परिचालन तर्फ बाँडफाँट भएको रकम | | | | २,८३,८००।- | | |
| | गाउँपालिकाबाट व्यवस्थापन गरिएको रकम रु. | | | | ५,९१,६५२।- | | |

आशिष चौधरी

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १५ :- कामाख्या प्रतिष्ठान नेपालको बिल भुक्तानी सम्बन्धमा ।

निर्णय नं. १५ :-प्रस्ताव नं. १५ माथि छलफल गर्दा स्थानीय तहहरुको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक अवस्थिति, प्रशासनिक तथा राजनीतिक विभाजन, जनसाङ्ख्यिक अवस्था, आर्थिक अवस्था तथा निर्वाचित जनप्रतिनिधिहरुको विस्तृत विवरण सहित कामाख्या प्रतिष्ठानद्वारा प्रकाशित "हाम्रो स्थानीय तह २०७४, सुदूरपश्चिम प्रदेश" नामक रेकर्ड बुक र "हाम्रा जनप्रतिनिधि २०७४" नामक डायरेक्टरी यस गाउँपालिकालाई समेत उपयोगी र महत्वपूर्ण अभिलेखको रुपमा हुने भएकोले उक्त रेकर्ड बुक र डायरेक्टरी खरिद गरी बिल बमोजिमको रकम (मू.अ. कर सहित) रु. ६४,९७५।– (अक्षेरुपी चौसठ्ठी हजार नौ सय पचहत्तर मात्र ।) भुक्तानी गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १६ :- बेरोजगारहरुको प्राथमीकताक्रमको सूची सार्वजनिक गर्ने सम्बन्धमा ।

निर्णय नं. २६ :- प्रस्ताव नं.१६ मा छलफल गर्दा आ.व. २०८०।०८१ मा रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्राथमिकताक्रममा रहेका ६७४ जना सूचीकृत बेरोजगारहरुको सूची रोजगार सेवा केन्द्र र वडा कार्यालयको सूचना पाटीमा प्रकाशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १७ :- प्राथमीकताक्रममा रहेका बेरोजगारहरुलाई रोजगारीमा खटाउने सम्बन्धमा ।

निर्णय नं. १७ :- प्रस्ताव नं. १७ मा छलफल गर्दा रोजगार व्यवस्थापन सूचना प्रणालीको पहिलो प्राथमिकताक्रममा परेका १८-४० बर्ष समुहका ३४ जना बेरोजगार व्यक्तिहरुलाई युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत १०० दिन रोजगारी दिने गरि क्रमश खटाउने र रोजगार व्यवस्थापन सूचना प्रणालीको पहिलो प्राथमिकताक्रममा परेका १८-५९ बर्ष समुहका ३५ जना बेरोजगारलाई कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा १०० दिन गरी जम्मा ६९ जना बेरोजगाहरुलाई रोजगारीमा खटाउने निर्णय गरियो ।

२०८०।०८।२४
गणेश चौधरी
अध्यक्ष

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १८ :- आ.व. २०८०।०८१ मा आयोजना सञ्चालन सम्बन्धमा ।

निर्णय नं. १८ :- प्रस्ताव नं. १८ मा छलफल गर्दा आ.व. २०८०।०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि गाउँसभाबाट स्वीकृत भएका तपसिल बमोजिमको आयोजनाहरुलाई युवा रोजागारीका लागि रुपान्तरण पहल आयोजना र कामका लागि पारिश्रमिक आयोजनाहरुमा सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल:-

(क) युवा रोजगारिका लागि रुपान्तरण पहल आयोजनाहरु :-

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|
| १. | सैरी कुला मोहडा देखि ढेङचौया सम्म कुला सरसफाई । | १ | १,८५,९५४।५२ | |
| २. | नयाँ लायकपुर वारी हरिरामको घरदेखि ज्ञान बहादुरको घरसम्मको सडकमा नाला सरसफाई । | ३ | ६५,०५२।- | |
| ३. | कोसमैया कुला मर्मत तथा सरसफाई । | ४ | ५,०५,८६१।०२ | |
| ४. | पथरैया गाउँ पछाडीको वड्का पुलको झरन विस्तार । | ५ | १,४३,८८८।८८ | |
| ५. | पथरैया भजनलालको घर पछाडी हुदै हरिदाशको घर सम्म बाटो विस्तार । | ५ | १,२७,६४९।९८ | |
| ६. | सुवर्णपुर उत्तर पुरुवा देखि डुडेझारी रोड सम्म बाटो मर्मत । | ६ | २,८३,८९६।५० | |
| ७. | झनक बहादुर वि.क को घर देखि डुडेझारी रोडसम्म नाला निकास । | ६ | १,७७,५५०।- | |

(ख) कामका लागि पारिश्रमिक आयोजनाहरु :-

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|
| १. | गोलौरी बजमरला कुला देखि झवलेरुवा पिपल हुदै कुलाको किनारमा साविक मुनुवा गा.वि.स. वडा नं. ५ को कित्ता नं. १७५ सम्म नयाँ सडक निर्माण । | ७ | २,१७,७३१।७७ | |
| २. | भुर्साको पुल देखि उत्तर तिर नदिको छेउमा साविक मुनुवा गा.वि.स. वडा नं. ५ को कित्ता नं. ९९५ सम्म नयाँ सडक निर्माण । | ७ | ७४,३६३।१० | |
| ३ | फरैला परसु रामको घर देखि जानकी ४ को सिमाना सम्म बाटो मर्मत । | ७ | ३५,५३४।५८ | |
| ४ | अम्मर विकको घर देखि मनोज वि.क को घर सम्म जाने बाटो निर्माण । | ८ | २,००,९६९।८० | |
| ५ | जमरा कुला देखि एकेन्द्र विश्वकर्माको घर जाने बाटो नक्सा रेखाङ्कन । | ८ | २,२१,७६७।७० | |
| ६ | जानकी ९ फायरलाईन सडक बल बहादुर साउँदको घर हुदै तर्क रावलको घर सम्मको बाटो मर्मत तथा नाली निकास । | ९ | २,९३,२४६।४० | |
| ७ | जानकी-९ कर्ण वि.क को घर देखि कुलरिया कुला पक्की डुडसम्मको नाली निकास । | ९ | १४,४९७।९८ | |

२०८०।०६।२८
गणेश चौधरी
अध्यक्ष

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner